निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL
जिल्ला निर्वाचन कार्यालय, सप्तरी
DISTRICT ELECTION OFFICE, SAPTARI
पानीटंकी रोड, राजविराज, सप्तरी
PANITANKI ROAD, RAJBIRAJ, SAPTARI,NEPAL

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

पत्र संख्याः ०७९/८० चलानी नम्बरः २३ मितिः२०७९।०५।२३

विषयः सफाई सहितको स्पष्टीकरण पेश गर्ने सम्वन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, ससरी ।
श्री ससरी जिल्लाका स्थानीय तह सबै ।

उपरोक्त सम्वन्धमा निर्वाचन आयोग, नेपालको कानून तथा राजनीतिकदल व्यवस्थापन शाखाको प.सं./च.नं. १२६/०७९/८०, मिति २०७९।०५।२२ गतेको पत्रानुसार स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम तथा स्थानीय तह निर्वाचन नियमावली २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले ३०(तीस) दिन भित्र सम्वन्धित जिल्ला निर्वाचन कार्यालयमा बुझाउँनुपर्ने कानूनी व्यवस्था बमोजिम स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा जिल्ला समन्वय समिति, नगर कार्यपालिका र गाउँ कार्यपालिकाको निर्वाचनमा भाग लिई तोकिएको समयावधि भित्र निर्वाचनको खर्चको विवरण नबुझाउँने उम्मेदवारहरुलाई तोकिएको समयमावधिभित्र के कुन कारणले कुन निर्वाचन खर्चको विवरण नबुझाएको हो? निर्वाचन खर्च विवरण नबुझाएकोमा तपाईहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही हुनु नपर्ने हो? सोही ऐनको सोही दफा को उपदफा (४) बमोजिम गोरखापत्रमा सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र उम्मेदवारहरुको सफाई सहितको स्पष्टिकरण जिल्ला निर्वाचन कार्यालय ससरीमा आफै उपस्थित भई पेश गर्नुहुन आदेशानुसार अनुरोध छ ।

नोटः

यस कार्यालयबाट यसै पत्रसाथ संलग्न गरी पठाइएको नाम नामेशी सहितको विद्युतीय प्रति सम्वन्धित जिल्ला समन्वय समितिको कार्यालय तथा सम्बन्धित स्थानीय तहको कार्यालयको **Website, Facebook Page** र सूचना पाटीमा सबैले देख्ने गरी नाम नामेशीको विवरण प्रकाशन गरी सोको रितपूर्वक मुचुल्का खडा गरी जिल्ला निर्वाचन कार्यालयमा यथाशिघ्र पठाईदिनुहुन अनुरोध छ ।

२०७९।५।२३

रमेश कुमार जोशी
जिल्ला निर्वाचन अधिकारी